**२०६९ साल बैशाख २३ गते शनिबारका दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

(क) नेपालमा लोकतन्त्र स्थापना गर्नका लागि भएका विभिन्न आन्दोलनमा वीरगति प्राप्त गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरूप्रति भावपूर्ण सम्मान एवं हार्दिक श्रद्धाञ्जलि अर्पण गर्ने ।

(ख) मिति २०६९।१।२१ मा भएको राजनीतिक दलहरूबीचको सहमतिबमोजिम गठन भएको राष्ट्रिय सहमतिको सरकारको प्रमुख कार्य शान्ति प्रक्रियाका बाँकी कामलाई विगतका सहमतिबमोजिम अविलम्ब सम्पन्न गरी आगामी जेठ १४ गतेभित्रै नयाँ संविधान घोषणा हुने गरी कार्य गर्नु रहेको छ । शान्ति र संविधान निर्माणका लागि सहमतीय सरकार अनिवार्य र अपरिहार्य थियो । मुलुक पुनः सहमतीय संस्कृतितर्फ उन्मुख भएको छ । यो महत्वपूर्ण र ऐतिहासिक सुरूवात हो । नेपाली जनताको चाहनाअनुरूप संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान निर्माण गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । वर्तमान शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन र संविधान लेखन कार्य समयमै सम्पन्न गर्न राष्ट्रिय सहमति, सहकार्य र एकताको अपरिहार्यतामा जोड दिई यसका निम्ति सबै राजनैतिक दलहरूलाई सरकारमा सहभागी भई ऐतिहासिक कार्यभार पूरा गर्ने कार्यमा एकजुट हुन आह्वान गर्ने । साथै, वर्तमान सरकारलाई आफ्नो निर्दिष्ट जिम्मेवारी पूरा गर्न सहयोग पुऱ्याउन हुन सम्पूर्ण राजनीतिक दलहरू, देशवासीहरू, पेशाव्यवसायी एवं सञ्चार जगतलाई अनुरोध गर्ने ।

(ग) केही समययता सुदूरपश्चिम र अन्य स्थानमा विभिन्न समूहले विरोधका कार्यक्रम गर्दै आएका छन् । सबै किसिमका समस्याको समाधान वार्ताको माध्यमद्वारा हुनसक्ने भएकाले बन्द आव्हानकर्ताहरूलाई तत्काल आफ्ना बन्द तथा हडतालका कार्यक्रमहरू स्थगन गर्न र वार्ताको निमित्त सहज वातावरण सिर्जना गर्न सबै राजनीतिक दल, सञ्चारकर्मी तथा नागरिक समाजका अगुवाहरूलाई नेपाल सरकार हार्दिक आग्रह गर्दछ ।

(घ) आज बिहान ९:५५ बजेको समयमा कास्की जिल्ला माछापुच्छ्रे गा.वि.स. वडा नं. ९ स्थित सेती नदीमा वर्षा एवं हिमपहिरोको कारणले आकस्मिक रूपमा आएको बाढीले बगाई पछिल्लो जानकारी अनुसार १३ जनाको असामयिक निधन भएको घटनाले नेपाल सरकारलाई मर्माहत तुल्याएको छ । नेपाल सरकार यस घटनामा ज्यान गुमाएकाहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारमा हार्दिक समवेदना व्यक्त गर्दछ । सो घटनाको जानकारी प्राप्त भए लगत्तै उक्त घटनाबाट प्रभावितहरूको खोजतलास एवं उद्धारका लागि स्थानीय प्रशासन, प्रहरी र सेनालाई तत्काल परिचालन गरिएको र तत्पश्चात् जिल्ला सदरमुकामबाट सेनाको हेलिकप्टर पठाइ थप उद्धार र खोजतलासको काम सञ्चालन भइरहेको छ । यस घटनाबाट प्रभावित हुनसक्ने थप स्थानहरूको पहिचान गरी त्यहाँ बसोबास गरिरहेकाहरूलाई पूर्वतयारी अवस्थामा रहन सूचित गरिएको एवं स्थानीय सुरक्षाकर्मीहरूलाई त्यस्तो अवस्था आइपरेमा तत्काल उद्धारकार्य सञ्चालन गर्न आवश्यक निर्देशन दिइसकिएको छ । पछिल्लो जानकारीअनुसार उक्त नदीमा आएको बाढीको प्रवाह क्रमशः कम हुँदै गइरहेकोले स्थिति सामान्य हुने अनुमान गरिएको छ । यस सम्बन्धमा सर्वसाधारणलाई गृह मन्त्रालयबाट नियमित रूपमा थप जानकारी उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

स्थानीय व्यक्तिको सक्रिय सहयोग तथा सुरक्षाकर्मीहरूको परिचालनबाट खोजतलास र उद्धारकार्य हालसम्म पनि जारी नै रहेको, प्रतिकार्य टोली गठन गरी स्थितिलाई थप बिग्रन नदिन आवश्यक निर्देशन दिनुका साथै गृह मन्त्रालयमा रहेको राष्ट्रिय आपत्कालीन सञ्चालन केन्द्रलाई स्थितिको सुक्ष्म अनुगमन गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नियमित जानकारी उपलब्ध गराउन आवश्यक निर्देशन भइसकेको वर्तमान परिस्थितिमा सबै जना संयमित रही नेपाल सरकारबाट भइरहेको उद्धार तथा खोजतलास कार्यलाई सहयोग गरिदिनुहुन हार्दिक आग्रह गर्दछ ।

यस कार्यमा स्थानीयवासीले तत्काल प्रदान गर्नुभएको सहयोगको सराहना गर्दै वहाँहरूबाट थप सहयोगको समेत अपेक्षा नेपाल सरकारले राखेको छ । साथै, यस दुःखद् क्षणमा नेपाल सरकारलाई सहयोग पुर्‍याइरहनुभएका आमजनसमूदायहरू, सम्पूर्ण राजनीतिक दलहरू, मानवाधिकारकर्मी, सञ्चार जगत एवं उद्धारकार्यमा संलग्न हुने राष्ट्रसेवकहरूलाई आफ्नो सक्रियता जारी राख्न समेत नेपाल सरकार आग्रह गर्दछ ।

**२०६९ साल वैशाख २१ गते बिहिबारका दिन बसेको मन्त्रिपरिषद्‌को बैठकबाट देहायका मन्त्रालयबाट प्राप्त प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय- **Sustainable Development Goals: An Emerging Framework for the post-2015 Development Agenda** बिषयक **One-day Workshop** मा भाग लिने ।

२. अर्थ मन्त्रालय- कावेली-ए जलविद्युत आयोजना (Kabeli-A Hydroelectric Project) को लागि विश्व बैंकबाट ऋण तथा अनुदान सहायता प्राप्त गर्ने सम्बन्धी वार्ता टोली गठन गरी अख्तियारी दिने विषयको प्रस्ताव - प्रस्तावको प्रकरण ४ "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत क्र.सं. ३. मा रहेको "अधिकतम १४ प्रतिशत र न्यूनतम ११ प्रतिशत" भन्ने व्यहोराको सट्टा "अधिकतम १२ प्रतिशत र न्यूनतम १०.५ प्रतिशत" भन्ने व्यहोरा राखी अरू प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३. अर्थ मन्त्रालय- लैङ्गिक समानताका लागि हुने लगानीमा जवाफदेहिता अभिवृद्धि विषयक कार्यशाला गोष्ठीमा सहभागिताका लागि प्रतिनिधि (सचिवलाई)।

४. अर्थ मन्त्रालय- अन्तर्राष्ट्रिय मुद्रा कोष तथा कोरिया सरकारको आयोजनामा हुने सेमिनारमा महालेखा नियन्त्रकले भाग लिने ।

५. अर्थ मन्त्रालय- युरोपियन ईन्भेष्टमेन्ट बैंक र नेपाल सरकार बीच हुने आधारभूत सम्झौता **(Framework Agreement)** मा हस्ताक्षर गर्ने विषयको प्रस्ताव - प्रस्तावको प्रकरण ४ "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत प्रस्तावित खण्ड (ख) मा रहेको "अर्थ सचिव वा अर्थ मन्त्रालय (वैदेशिक सहायता समन्वय महाशाखा) का सहसचिव" भन्ने व्यहोराको सट्टा "अर्थमन्त्री वा अर्थ मन्त्रालयका सचिव वा अर्थ मन्त्रालय (वैदेशिक सहायता समन्वय महाशाखा) का सहसचिव" भन्ने व्यहोरा राखी अरू प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

६. अर्थ मन्त्रालय- गरिवी निवारणका लागि रोजगार प्रत्याभूति विधेयक, २०६९ लाई व्यवस्थापिका-संसदमा प्रस्तुत गर्न स्वीकृति दिने ।

७. अर्थ मन्त्रालय- सुनको भन्सार महसुल दरमा वृद्धि गर्ने ।

८. कानुन तथा न्याय मन्त्रालय- **Face to Face** बैठकमा भाग लिन (सचिवलाई) पठाउने ।

९. कानुन तथा न्याय मन्त्रालय- कानून व्यवसायी प्रतिष्ठानको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक व्यवस्थापिका-संसद समक्ष पेश गर्ने विषयको प्रस्ताव - मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

१०. कानुन तथा न्याय मन्त्रालय- कार्यक्रममा भाग लिन जान स्वीकृति तथा भ्रमण खर्च उपलव्ध गराउने (महान्यायाधिवक्तासमेत) विषयको प्रस्ताव - भैपरी खर्च उपलब्ध नगराउने गरी प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

११. कानुन तथा न्याय मन्त्रालय- अनुदान (**OHCHR Nepal** ले नेपाल व ार एशोसिएसनलाई सहयोग स्वरूप उपलब्ध गराउने "ल्याण्ड क्रुजर" गाडिमा लाग्ने कर शुल्क वापतको रकम मिनाहा) गर्ने ।

१२. कृषि तथा सहकारी मन्त्रालय- बर्ड फ्लु महामारी रोकथाम तथा नियन्त्रण विषयको प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१३. कृषि तथा सहकारी मन्त्रालय- **Asian Food & Agriculture Cooperation Initiative (AFACI) को Second General Assembly** मा सहभागिताका लागि मनोनयन (सचिवको) भ्रमण समर्थन गर्ने ।

१४. गृह मन्त्रालय- प्र.अ.म.नि. किरण कुमार गौतमलाई कम्बोडियामा हुने **AFC President's Cup** फुटबलमा अफिसियलको रूपमा सहभागी हुन पठाउने ।

१५. गृह मन्त्रालय- म्याद थप (सिराहा घटनाका सम्बन्धमा) गर्ने ।

१६. गृह मन्त्रालय- शहीद घोषणा तथा आर्थिक सहायता (जनकपुर बम विस्फोट) गर्ने ।

१७. गृह मन्त्रालय- सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गर्ने ।

१८. परराष्ट्र मन्त्रालय- इजिप्टको **Sharm El Sheikh** शहरमा आयोजना हुने असंलग्न आन्दोलनको मन्त्री स्तरीय बैठकमा भाग (माननीय उपप्रधानम्त्री एवं परराष्ट्रमन्त्रीको नेतृत्वमा) लिने ।

१९. परराष्ट्र मन्त्रालय- गैर आवासीय नेपाली सम्बन्धी सल्लाहकार बोर्डको गठन गर्ने ।

२०. युवा तथा खेलकुद मन्त्रालय- युवा अनुभव आदान-प्रदान कार्यक्रममा सहभागी हुने नेपाली टोलीको नेतृत्व युवा तथा खेलकुद मन्त्री**ले** गर्ने ।

२१. **रक्षा** मन्त्रालय- **नेपाली सेनामा रिक्त साधारण तर्फको सहायकरथी पदमा** (**नं. १३३६ महासेनानी** प्रकाश सिंह वोगटी**लाई**) **पदोन्नति** गरी **पदस्थापन गर्ने** तथा एक **सहायकरथी** स्तरका **अधिकृतको** सरूवा गर्ने ।

२२. **रक्षा** मन्त्रालय- **नेपाली सेनाका उपरथी श्री रविचन्द्र शाहलाई तालिममा पठाउने ।**

२३. **रक्षा** मन्त्रालय- **नेपाली सेनाका उपरथी प्रेम प्रकाश था.म.लाई International Special Operation Forces Week सम्वन्धी कार्यक्रममा सहभागी हुन पठाउने** ।

२४. **रक्षा** मन्त्रालय- **नेपाली सेनामा रिक्त महासेनानी पदमा प्रमुख सेनानी निरमान सिंह गुरूङ्गलाई पदोन्नति गरी पदस्थापन गर्ने र चारजना महासेनानी**हरू**को सरुवा गर्ने** ।

२५. शान्ति तथा पुनर्निर्माण मन्त्रालय- **खर्च समर्थन गरी पेश्की फछ्यौंट एवं मिन्हा गर्ने** ।

२६. शान्ति तथा पुनर्निर्माण मन्त्रालय- नेपाल सरकारद्वारा गठित सरकारी वार्ता समिति र खस क्षेत्री एकता समाज आदिवासी जनजातीको वार्ता समितिबीच भएको ४ (चार) बुँदे सहमति अनुमोदन गर्ने विषयको प्रस्ताव - मन्त्रिपरिषद्, राजनैतिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

२७. शिक्षा मन्त्रालय- उच्च माध्यमिक शिक्षा (पहिलो संशोधन) नियमावली, २०६८ लाई स्वीकृत गर्ने विषयको प्रस्ताव - प्रस्तावको प्रकरण ४ "निर्णय हुनु पर्ने व्यहोरा" अन्तर्गत रहेको "उच्च माध्यमिक शिक्षा (पहिलो संशोधन) नियमावली, २०६८" को सट्टा "उच्च माध्यमिक शिक्षा (पहिलो संशोधन) नियमावली, २०६९" भन्ने व्यहोरा राख्ने र प्रस्तावसाथ संलग्न "उच्च माध्यमिक शिक्षा (पहिलो संशोधन नियमावली" अन्तर्गत ठाउँठाउँमा रहेका "२०६८" भन्ने शब्दको सट्टा "२०६९" भन्ने शब्द राखी अरू प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२८. सूचना तथा सञ्चार मन्त्रालय- सेवा अवधि थप (धनबहादुर राईको) गर्ने ।

२९. सूचना तथा सञ्चार मन्त्रालय- **OHCHR** ले नेपाल पत्रकार महासंघलाई सहयोग स्वरूप उपलब्ध गराउने "ल्याण्ड क्रुजर" गाडिमा लाग्ने कर शुल्क वापतको रकम मिनाहा गर्ने ।

३०. सङ्घीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय- **Lumbini Development Master Plan Capacity Building** उच्चस्तरीय भ्रमणमा भाग लिन (सचिवलाई) पठाउन े ।

३१. स्थानीय विकास मन्त्रालय- आदिवासी जनजाति सूची संशोधन गर्न सैद्धान्तिक सहमति दिने विषयको प्रस्ताव - मन्त्रिपरिषद्, राजनैतिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

३२. स्थानीय विकास मन्त्रालय- मनोनयन (राष्ट्रिय मुस्लिम आयोगको अध्यक्ष समेत ११ जना) गर्ने ।

३३. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय- **इमर्जेन्सी तथा ट्रमा सेन्टर स्थापना सञ्चालन स्वीकृत** विषयको प्रस्ताव - प्रचलित कानुनवमोजिम प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३४. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय- बढुवा नियुक्ति (डा. तारानाथ पोखे्रलसमेत) गर्ने ।

३५. नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४६ बमोजिम माओवादी सेनाका लडाकूहरूको रेखदेख, समायोजन र पुनःस्थापनका लागि नेपाल सरकारबाट गठित माओवादी सेनाका लडाकुहरूको रेखदेख, समायोजन र पुनःस्थापनासम्बन्धी विशेष समितिको म्याद समाप्त हुने मितिदेखि २०६९ साल जेठ १४ गतेसम्म थप गर्ने ।

**द्रष्टव्यःनिर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**